# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०६।११ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी तपेन्द्र बहादुर शाहसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटः-

**प्रतिवादीहरु तपेन्द्र बहादुर शाह र महेश बुढ्थापा** उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) को कसूरमा बिगो रु.२,११,३१६।२६(दुई लाख एघार हजार तिन सय सोह्र रुपैयाँ छब्बीस पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी उल्लेखित बिगो समेत सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम असुल उपर हुन साथै ऐ. ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कसूर समेतमा ऐ. ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना हुन,

**प्रतिवादीहरु बाँच बहादुर सेजुवाल, माया के.सी. भाम र बिजकन्या भाम** उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूरमा बिगो रु.२,११,३१६।२६ (दुई लाख एघार हजार तिन सय सोह्र रुपैयाँ छब्बीस पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिमको सजाय हुन एवं बिगो जफत हुन,

मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा

विशेष अदालतको मिति २०८०/११/०६ को फैसलाबाट निम्न आधारमा सफाई दिएकोः-

- कार्यसम्पन्न भएपछि स्थलगत नापजाँच गर्नुभन्दा अघि पहिरोले क्रसिङमा रहेको केही पाइप बगाई लगेको, केही पाइप चोरी भएकोले मोटर पनि चोरी हुने डरले उपभोक्ता समितिका सचिवको घरमा सुरक्षित राखिएको हुँदा लागत इस्टिमेट बमोजिम सबै काम भएकोतर्फ अभियोजनकर्ताले नजरअन्दाज गरेको देखिएको ।
- प्रतिवादीहरुको बयान जिकिर अदालतबाट बुझिएका साक्षीहरुको बकपत्र समेतबाट खम्बीर भएको देखिएको ।

विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०६।११ मा पुनरावेदन गरिएको छः-

**देहायः**

- साविक कृषि ज्ञान केन्द्र, जुम्लाले तयार गरेको कार्य सम्पन्न प्रतिवेदन अनुसार कुल लागत ईस्टिमेट रु.१९,५०,२०४।५० मध्ये शत प्रतिशत काम भएको भनी कुल खर्च १९,५०,२०४।५० भएको देखाई सो मध्ये जनसहभागिताको रु.४,५०,२०४।५० र कन्टिजेन्सी बापतको खर्च रु.७५,०००।- कट्टी गरी बाँकी रकम रु.१४,२५,०००।- मध्ये रु. १३,५८,५००।- मिति २०७६/०३/२६ गते गोश्वारा भौचरबाट गैराज्युला कृषि सिंचाई निर्माण उपभोक्ता समितिलाई भुक्तानी भएको मिसिल संलग्न भुक्तानी विवरण बाट देखिएको र मौकामा बुझिएकाले अदालतमा गरेको बकपत्रमा आ.व. ०७५/०७६ को कामको रु.१३,५८,५००/- भुक्तानी दिएको हो, भुक्तानी गर्नु अघि आफू र कार्यालय प्रमुख समेत अनुगमनमा नगएको भनी बकपत्र व्यहोरामा उल्लेख गरे समेतबाट प्रतिवादीहरुले काम गरेभन्दा बढी रकम भुक्तानी लिए दिएको तथ्य पुष्टि भएको।
- आ.व. २०७५/०७६ मा कृषि ज्ञान केन्द्र जुम्ला, शाखा कार्यालय, मुगुबाट गैराज्युला सिँचाई आयोजनाको बिनियोजित रकम रु.१५ लाख भएकोमा उक्त सिँचाईको मुहानदेखि सम्बन्धित स्थानसम्म पानीको थोपासम्म नखलालेको, RVT ट्यांकीमा भुक्तानी गरिएको परिमाण अनुसार काम नभएको र लिफ्ट सिचाईको लागि खरिद भई भुक्तानी समेत भएको सवमर्सिवल मोटर हालसम्म पनि योजनास्थलमा नपुगेको भन्ने समेत व्यहोराको सब-

ईन्जिनियरको प्रतिवेदन, खोला क्रसिङ, ३ वटा कलेक्सन च्याम्बर, पाईपलाईन विछ्याईएको र सिँचाई योजना उद्देश्य अनुरुप सञ्चालन भएको देखिएन भन्ने समेत व्यहोराको शाखा अधिकृतको स्थलगत प्रतिवेदन रही सो प्रतिवेदनलाई निजले समर्थित र सनाखत गर्दै बकपत्र गरेको अवस्थाबाट प्रतिवादीहरुले आरोप दाबी बमोजिमको कसूर गरेको तथ्य पुष्टि भएको।

- आयोजनामा एकवटा इन्टेक, एक वटा खोला क्रसिङ्गको कार्य र तीनवटा RVT निर्माण कार्य भएको,गैराज्युला सिँचाई आयोजनाको मुहानदेखि कलेक्सन च्याम्बरसम्म ९० mm Dia ४kgf/cm² को ५७७ मिटर HDPE पाईप लाईनको मात्र काम भएकोमा भुक्तानी बिलमा ९०० मिटर उल्लेख गरी भुक्तानी भएको र रिजभ्वायर टयांकीदेखि खेतियोग्य जमिनसम्म २९० मिटर लम्बाईमा लिफ्ट मोटरबाट पानी लिफ्ट गरी समुदायको माथिल्लो भागको खेतीयोग्य जमिनमा सिँचाई गर्ने भनिए तापनि लिफ्ट सिचाईको लागि खरिद भई भुक्तानीसमेत भएको सवमर्सिवल मोटर हालसम्म पनि योजनास्थलमा नपुगेको भन्नेसमेत व्यहोराको सब- ईन्जिनियरको प्रतिवेदन रही निजले सो प्रतिवेदन व्यहोरालाई समर्थित र सनाखत गर्दै बकपत्र गरी पुष्टि गरिदिएको।

सहायक प्रवक्ता
देवी प्रसाद थपलिया

## देहायः

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | डा. तपेन्द्र बहादुर शाह, महेश बुढ्थापा,बाँच बहादुर सेजुवाल, माया के.सी. भाम र बिजकन्या भाम (विशेष अदालत मुद्दा नं.: ०७९-CR-००५४ फैसला मितिः- २०८०।११।०६ | गैह्र कानूनी लाभ तथा हानी पुऱ्याई भ्रष्टाचार गरेको | प्रतिवादीहरु तपेन्द्र बहादुर शाह र महेश बुढ्थापा उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) को कसूरमा बिगो रु.२,११,३१६।२६(दुई लाख एघार हजार तिन सय सोह रुपैयाँ छब्बिस पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी उल्लेखित बिगो समेत सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम असुल उपर हुन, साथै ऐ. ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कसूर समेतमा ऐ. ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना हुन, प्रतिवादी बाँच बहादुर सेजुवाल, प्रतिवादीहरु माया के.सी. भाम र बिजकन्या भाम उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूरमा बिगो रु.२,११,३१६।२६ (दुई लाख एघार हजार तिन सय सोह रुपैयाँ छब्बिस पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिमको सजाय हुन एवम् निज प्रतिवादीहरुबाट बिगो जफत हुन समेतको आरोपपत्र मागदाबी । | **फैसलाः**<br>प्रतिवादीहरूले आरोप दाबीबाट सफाई पाउने ठहर्छ भनी मिति २०८०/११/०६ मा फैसला भएको ।<br><br>विशेष अदालत काठमाडौंले प्रतिवादीहरुलाई सफाई दिने गरी फैसला गर्दा निम्न **आधार** ग्रहण गरेको देखिन्छः<br>(क) कार्यसम्पन्न भएपछि स्थलगत नापजाँच गर्नुभन्दा अघि पहिरोले क्रसिङमा रहेको केही पाइप बगाई लगेको, केही पाइप चोरी भएकोले मोटर पनि चोरी हुने डरले उपभोक्ता समितिका सचिवको घरमा सुरक्षित राखिएको हुँदा लागत इस्टिमेट बमोजिम सबै काम भएकोतर्फ अभियोजनकर्ताले नजरअन्दाज गरेको देखिएको ।<br>(ख) प्रतिवादीहरुको बयान जिकिर अदालतबाट बुझिएका साक्षीहरुको बकपत्र बेहोरा समेतबाट खम्वीर भएको देखिएको । | क) साविक कृषि ज्ञान केन्द्र, जुम्लाले तयार गरेको कार्य सम्पन्न प्रतिवेदन अनुसार कुल लागत ईस्टिमेट रु.१९,५०,२०४।५० मध्ये शत प्रतिशत काम भएको भनी कुल खर्च १९,५०,२०४।५० भएको देखाई सो मध्ये जनसहभागिताको रु.४,५०,२०४।५० र कन्टिजेन्सी बापतको खर्च रु.७५,०००।- कट्टी गरी बाँकी रकम रु.१४,२५,०००।- मध्ये रु. १३,५८,५००।- मिति २०७६/०३/२६ गते गोश्वारा भौचर नं. ४१ बाट गैराज्युला कृषि सिंचाई निर्माण उपभोक्ता समितिलाई भुक्तानी भएको मिसिल संलग्न भुक्तानी विवरण बाट देखिएको र मौकामा बुझिएका विश्वराज खत्रीले अदालतमा गरेको बकपत्र (स.ज.७) मा आ.व. ०७५/०७६ को कामको रु.१३,५८,५००/- भुक्तानी दिएको हो, भुक्तानी गर्नु अघि आफू र कार्यालय प्रमुख समेत अनुगमनमा नगएको भनी बकपत्र व्यहोरामा उल्लेख गरे समेतबाट प्रतिवादीहरुले काम गरेभन्दा बढी रकम भुक्तानी लिएदिएको तथ्य पुष्टि भैरहेको ।<br><br>(ख) आ.व. २०७५/०७६ मा कृषि ज्ञान केन्द्र जुम्ला, शाखा कार्यालय, मुगुबाट गैराज्युला सिँचाई आयोजनाको बिनियोजित रकम रु.१५ लाख भएकोमा उक्त सिँचाईको मुहानदेखि सम्बन्धित स्थानसम्म पानीको थोपासम्म नखसाली छायाँनाथ रारा नगरपालिका वडा नं. ४ का वडाध्यक्षसहित सिँचाई योजनाका उपभोक्ता समितिका अध्यक्ष सचिव र कोषाध्यक्षसमेतको मिलेमतोमा जाँच पास गराई रकम हिनामिना गरेको भन्ने समेतबेनामी उजुरी निवेदन रही जाँच गर्दाको समयसम्म मोटर खरिद गरी योजनास्थलसम्म नपुऱ्याएको, RVT ट्यांकीमा भुक्तानी गरिएको परिमाण अनुसार काम नभएको र लिफ्ट सिचाईको लागि खरिद भई भुक्तानी समेत भएको सवमर्सिवल मोटर हालसम्म पनि योजनास्थलमा नपुगेको भन्ने समेत व्यहोराको सब- ईन्जिनियर रेशम बहादुर वलीको प्रतिवेदन, खोला क्रसिङ, ३ वटा कलेक्सन च्याम्बर, पाईपलाईन विछ्याईएको र सिँचाई योजना उद्देश्य अनुरुप सञ्चालन भएको देखिएन भन्ने समेत व्यहोराको शाखा अधिकृत मेघनाथ सापकोटा समेतको स्थलगत प्रतिवेदन रही सो प्रतिवेदनलाई निजले समर्थित र सनाखत गर्दै बकपत्र गरेको अवस्थाबाट प्रतिवादीहरुले आरोप दाबी बमोजिमको कसूर गरेको तथ्य पुष्टि भैरहेको ।<br><br>(ग) आयोजनामा एकवटा इन्टेक, एक वटा खोला क्रसिङ्गको कार्य र तिनवटा RVT निर्माण कार्य भएको,गैराज्युला सिँचाई आयोजनाको मुहानदेखि कलेक्सन च्याम्बरसम्म ९० mm Dia ४kgf/cm² को ५७७ मिटर HDPE पाईप लाईनको मात्र काम भएकोमा भुक्तानी बिलमा ९०० मिटर उल्लेख गरी भुक्तानी भएको र रिजभ्वायर ट्यांकीदेखि खेतियोग्य जमिनसम्म २९० मिटर लम्बाईमा लिफ्ट मोटरबाट पानी लिफ्ट गरी समुदायको माथिल्लो भागको खेतीयोग्य जमिनमा सिँचाई गर्ने भनिए तापनि नापजाँच गर्दाको समयसम्म मोटर खरिद गरी योजनास्थलसम्म नपुऱ्याएको, RVT ट्यांकीमा भुक्तानी गरिएको परिमाण अनुसार काम नभएको र लिफ्ट सिचाईको लागि खरिद भई भुक्तानीसमेत भएको सवमर्सिवल मोटर हालसम्म पनि योजनास्थलमा नपुगेको भन्नेसमेत व्यहोराको सब- ईन्जिनियर रेशम बहादुर वलीको मिति २०७७/०९/०८ को प्रतिवेदन रही निजले सो प्रतिवेदन व्यहोरालाई समर्थित र सनाखत गर्दै बकपत्र गरी पुष्टि गरिदिएको ।<br><br>(घ) योजनास्थलको अनुगमन गरी स्थानीय जनप्रतिनिधि, उपभोक्ता समितिका पदाधिकारी समेतको रोहवरमा स्थलगत मुचुल्का गर्दा उक्त गैराज्युला कृषि सिँचाई आयोजनामा १ वटा ईन्टेक, १ वटा खोला क्रसिङ्गको कार्य र ३ वटा RVT निर्माण कार्य भएको, मुहानदेखी Collection Chamber सम्म ९०mm dia. ४ kgf/cm² को ५७७ मीटर HDPE पाईप लाईन खनी गाडिएको, रिजरभ्वायर टँकि देखी योजनाको माथिल्लो भागको खेतियोग्य जमिनमा मोटरबाट लिफ्ट सिचाँई सँचालन गर्नु पर्नेमा उक्त स्थानमा सिचाँई गर्न सवमर्सिवल मोटर हालसम्म योजना स्थलमा जडान नगरी उपभोक्ता समितिका सचिवको घरमा रहेको र माथिल्लो भागको खेतीयोग्य जमिनमा पाईप |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | लाईन खनी मोटर चलाई लिफ्टबाट सिँचाई कार्य भएको नदेखिएको भन्ने समेत व्यहोराको मिति २०७९/०१/१४ को स्थलगत सर्जमिन मुचुल्कालाई समर्थित गर्दै मुचुल्काका साक्षी मणिचन्द्र वि.क.ले बकपत्र गरिदिएको अवस्था रहेको तथा सो मुचुल्का सहितको प्रतिवेदनलाई यी प्रतिवादीहरुले समेत प्रामाणिक रुपमा खण्डित गर्न अथवा अन्यथा पुष्टि गर्न सकेको अवस्था देखिंदैन भने सो पाईप पहिरोले बगाएको भन्ने तथा मोटर खरीद गरी सुरक्षित राखेको भन्ने फैसालाधार समेत खण्डित भैरहेको । |